# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रोङ गाउँपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रोङ गाउँपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रोङ गाउँपालिका

इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१।०२।१३ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १७२

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू ,
रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ७२ लाख ६२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३१ लाख ७६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१३ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ५४ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २५ लाख ३९ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.१६ करोड ४८ लाख बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ८८ लाख ८६ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित

कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

३.१ यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३.२ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ।यस गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

रोङ गाउँपालिका गाउँपालिका,

इलाम जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | १०४ | ५७२६२ | ० | २१ | ३१७६ | ५३ | ८३ | ५४०८६ | १३०६ | २२५३९ | २५४९३ | ० | ० | ४८०३२ | ४७४७ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | १६४८०० | ० | ० | १६४८०० | ० | ५४०८६ | २१८८८६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| ४. क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | ८ | कर दायित्व दाखिला | १२५९८ |
| २ | | २१ | संचित कोष रकम फिर्ता | १८२९८५३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | २८.२ | भ्रमण खर्च फिर्ता | २६४०० |
| ४ | | २८.३ | प्रमाण पेश | २४४२५ |
| ५ | | २८.५ | जिन्सी दाखिलाको प्रमाण पेश भएको | २५००० |
| ६ | | २८.६ | प्रमाण पेश | ११३९८० |
| ७ | | ३३ | बढी भुक्तानी | ५८३९ |
| ८ | | ३४ | असुल | ६५०० |
| ९ | | ६४ | प्रमाण पेश | १५०४६४ |
| १० | | ६९ | बढी निकासा | १८२३ |
| ११ | | ७१ | असुल | ३७६९८ |
| १२ | | ७५ | दोहोरो भुक्तानी असुल | ६४७००० |
| १३ | | ७६ | बढी भुक्तानी | २०२३० |
| १४ | | ८१ | प्रमाण पेश | २३९६१० |
| १५ | | ८४ | प्रमाण पेश | ३५००० |
| | **चालु वर्षको जम्मा** | | | ३१७६४२० |
| | **गत विगत वर्षतर्फको** | | | |
| | २०७८।७९ | नाम्स अनुसार | विभिन्न | ० |
| | **गत विगतको जम्मा** | | | ० |
| | **कुल जम्मा** | | | ३१७६४२० |

# परिचय

१ **परिचय**

**(क) रोङ गाउँपालिकाको परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा, १५५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १९१३५ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१७ देखि २०८०।०५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **पेश्की बाँकी-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.५४५८०६४.० बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४७४७४५०.० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु..

| क्र.स. | पेश्कीको विवरण | पेश्की पाउने नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | स्थानीय पाठ्यपुस्तक र लाप्चा भाषा पाठ्यपुस्तक लेखन | सुजता पौडेल | ६०,०००.०० |
| २ | सवारी साधन मर्मत खर्च | सोनाम लाप्चा | ३०,५००.०० |
| ३ | विद्यालय कक्षाकोठा निर्माण अनुदान २ र ४ कोठे भवन | श्री शान्तिपुर माध्यमिक विद्यालय | ८,५०,०००.०० |
| ४ | विद्यालय कक्षाकोठा निर्माण अनुदान २ र ४ कोठे भवन | श्री कुवापानी माध्यामिक विध्यालय | ७,५०,०००.०० |
| ५ | स्थानीय पाठ्यपुस्तक र लाप्चा भाषा पाठ्यपुस्तक लेखन | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा.लि. | ७९,०००.०० |
| ६ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | शान्ति निकेतन मा वि | ८,८५,०००.०० |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शान्ति निकेतन मा वि | १०,००,०००.० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शान्ति निकेतन मा वि | २,००,०००.०० |

| | | | |
|---|---|---|---|
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शान्ति निकेतन मा वि | ३,००,०००.०० |
| १० | पाथिभरा मन्दिर (प्रदेश सँग साझेदार) | पाथिभरा पर्यटकिय पुर्वाधार विकास कार्ग्रम उ.स | ५,७०,०००.०० |
| ११ | कर्मचारीको बैठक भत्ता | कुमार निरौला | २२,९५०.०० |
| | | **जम्मा** | **४७४७४५०.००** |

| | |
|---|---|
| पेश्की | ४७,४७,४५० |

३ **सेवा प्रवाह -** सुशासन ऐन २०६४ र नियमावली २०६५ अनुसार सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन। पालिकाले यी व्यहोरालाई समेत ध्यान दिई उपयुक्त तरिका, बिधि अपनाई सेवाग्राही मैत्री सेवाप्रवाह गर्नुपर्दछ।

¬ टोकन प्रणाली लागू नगरेको, घरजग्गाको लगत नरहेको,

¬ पालिका भित्र रहेका साविक देखिका कृषि, पशु, स्वास्थ्य, गाउँ विकास समिति, विद्यालयका भवन, सामुदायिक भवन लगायतका संरचनाको अधिकतम उपयोग हुने गरी सेवा प्रवाहमा आवद्ध गर्नुपर्ने,

¬ वडा कार्यालय समेतमा नागरिक वडापत्र नराखेको।

¬ स्वास्थ्य संस्था नियमन नगरेको तथा ×घ" बर्गको इजाजत पत्रको अभिलेख नराखेको।

¬ सार्बजनिक सुनुवाई कार्यक्रम संचालन नगरेको।

¬ पालिकाले ऐन, नियम तथा कानून निर्माणको अभिलेख नराखेको ।

¬ सभाले तोकेको केही कार्यक्रम संचालन नगरेको।
पालिकाले वार्षिकरुपमा सम्पादन गरेका कार्यहरुको प्रगति विवरण तयार नगरेको।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.९५१००००.० अबण्डा बजेट व्यवस्था गरी २० योजनामा रु.९२२६०००.० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम हुदैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ७२३५२५६८ | ४७०६६९२८ | ६५.०५ |
| २ | पूर्वाधार विकास | ११२५५२२११ | १००१६८८०९ | ८९.० |
| ३ | सामाजिक विकास | २२६५५३५८९ | २०६८१८२७९.६८ | ९१.२९ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२३७८९४० | ९१८३८४६ | ७४.१९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९०७३३३२० | ७७६९८२०८.०४ | ८५.६३ |
| **जम्मा** | | **५१४५७०६२८.०** | **४४०९३६०७१.१४** | **८५.६९** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९१.२९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ६५.०५ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

६ **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेट कार्यान्वयनमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२० करोड ५८ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

सैद्धान्तिक बेरुजु

७ **फरक हिसाव** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.३०६२५०.०, यस वर्षको प्राप्ति रु.१२१०९७४६२.१८ यस वर्षको भुक्तानी रु.१२०७४३९७०.८६ र बैङ्क मौज्दात रु.१६३१९५.०८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय)** | **बैङ्क मौज्दात** | |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६८६३१९१५.५५ | ४७१७१७६१६.३० | ४७२०५९७८७.१० | ६८३१२६८१.१५ | |
| एकीकृत आर्थिक विवरण अनुसार | ६८९३८१६५.५५ | ५९२८१५०७८.४८ | ५९२८०३७५७.९६ | ६८१४९४८६.०७ | |
| फरक | ३०६२५०.० | १२१०९७४६२.१८ | १२०७४३९७०.८६ | १६३१९५.०८ | |

सैद्धान्तिक बेरुजु

८ **कर दायित्व** -

**.......... प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. १२५९८। - सम्परीक्षण गरिएको ।**

९ **घटी खर्च** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरणमा आम्दानी भन्दा खर्च तर्फ विविध कोष अन्तर्गत रु.८१५९२१.२७ घटी खर्च उल्लेख गरेको देखिएकोले उक्त खर्च सम्बन्धमा एकिन हुनुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१५,९२१ |

१० **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ। पालिकाले

म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन। पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ।

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४९४४३६०४.२३ | ४९४३५५५९.२३ | ८०४०.० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ० | ० | |
| प्रकोप व्यवस्थापन खाता | ० | ० | |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| धरौटी मौज्दात | ९५९२७८७.३० | ९४९१०९०.३० | १०१६९७.० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | २३०६७५.० | २३०६७५.० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान | ० | ० | ० |
| विविध कोष खाता (११६) | ८२०००००.० | ८२०००००.० | ० |
| विविध कोष खाता (१६१) | (२९१५३५०४.९६) | ९४१९५९.५४ | (२८२११५५५.४२) |
| **बैङ्क मौज्दात** | **३८०८२८८६.५७** | **६८२९९२८४.०७** | **(२७८७११४३.४)** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.८२४८०००.० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय

खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **रकमान्तर** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। यस पालिकामा नगर सभाको निणर्य बमोजिम विभिन्न शीर्षकमा कुल रू.४ करोड ६६ लाख १ हजार अर्थात विनियोजित बजेट रु.४७ करोड ६३ लाख ७७ हजारको ९.७८ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ। विनियोजित शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन। यसमा सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो

क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री विष्णुमाया खवास मिति २०७९।३।१० मा रु.४७ करोड ६३ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१३ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१७ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २४९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १४९ | १० | ३९ | १०० |
| २. | वडा स्तरीय | १०७ | ० | ३ | १०४ |

उपर्युक्त विवरण अनुसार पालिकाले वस्तुनिष्ठ तवरले प्राथमिकरण र छनौट गरी योजना बनाउनुपर्नेमा नगरस्तरिय योजना १० वटा वडामा समेत योजनाको नाम नखुलाई प्रत्येक वडामा १-१ वटा योजना भनि रकम विनियोजन गरेको(सुत्रमा प्रविष्ठि भएको विवरण अनुसार)मा उक्त विनियोजन रकमबाट १४९ वटा नगरस्तरिय योजना र १०७ वटा वडा स्तरीय योजनामा खर्च गरेको देखिन्छ। पालिकामा साना र वितरणमुखी

योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका २४९ उल्लेखित योजना मध्ये २०४ योजनामात्र कार्यान्वयन भई ४५ योजना कार्यान्वयन हुन सकेको देखिएन। २० लाख भन्दा माथिको योजना संख्या केवल १० वटा मात्र भएकोले वितरणमुखी स-साना योजनामा धेरै संख्यामा बनाई बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ। तसर्थः पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु.३२ लाख ४५ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास लक्ष्य (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत २९ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२१ लाख ७० हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• कार्यालयले सवारी साधनको सवारी विमा गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१९ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगित विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु.हजारमा)

| क्र.सं | बजेट उपशीर्षक | बजेट | खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुँजीगत खर्च तर्फ | १९५४०२ | १५९३५२ | ६६७० | १९७६१ | ४३१६५ | ८९७५४ | ४८२१६ |
| | प्रतिशत | १०० | ८१.५५ | ३.४१ | १०.११ | २२.०९ | ४५.९३ | २४.६७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च तर्फ बार्षिक रु.१९ करोड ५४ लाख २ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.६६ लाख ७० हजार अर्थात ३.४१ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.१ करोड ९७ लाख ६१ हजार अर्थात १०.११ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.४ करोड ३१ लाख ६५ हजार अर्थात २२.०९ प्रतिशत र चौथो त्रैमासिकमा रु.८ करोड ९७ लाख ५४ हजार अर्थात ४५.९३ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.४ करोड ८२ लाख १६ हजार अर्थात २४.६७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको हुँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **शसर्त अनुदान फिर्ता -**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।५ को निर्णयबाट रु.१८२९८५३ ।-सम्परीक्षण गरिएको ।**

२२ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९ लाख ३३ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय रु.२ करोड १६ लाख रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.२२ लाख ३४ हजार र सभा संचालन खर्च रु.४ लाख २८ समेत यस वर्ष रु.२६ लाख ६२ हजार खर्च गरेको पाईयो। जुन आन्तरिक आयको १२.३२ प्रतिशत देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **फोहोर मैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ वटा र यो बर्ष थप भएको १९ वटा गरी कुल २२ वटा विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका कार्यक्रमम २ निर्माण व्यवसायीलाई

रु.७१०६१४.० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| क्र.स. | पेश्कीको विवरण | निर्माण व्यवसायीको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | सायाहाङ्ग एण्ड निसाम निर्माण सेवा | ६,२५,०००.०० |
| २ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | सायाहाङ्ग एण्ड निसाम निर्माण सेवा | ८५,६१४.०० |
| | | जम्मा | ७,१०,६१४.०० |

सैद्धान्तिक बेरुजु

२७ **नपाउने फिल्ड भत्ता भुक्तानी** - यस आ व मा सम्झौता नवीकरण नभएता पनि निजहरुको गत आ व को सम्झौतामा फिल्डमा खटिएको दिनको छुट्टै फिल्डभत्ता उपलब्ध हुने छैन भन्ने उल्लेख छ । तर पालिकाले भूमी व्यवस्थापनतर्फका विभिन्न १० कर्मचारीलाई श्रावण र भाद्रको फिल्ड भत्ता वापत गो भौ नं १५७।२०७९।६।१४ वाट रु.१६००००।०० फिल्ड भत्ता भुक्तानी गरेको पाइयो । यसरी नपाउने फिल्ड भत्ता वापत भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | कर्मचारीको नाम | भुक्तानी रकम |
|---|---|---|
| 1. | सुपरिवेक्षक मुकेश दाहाल | १६००० |
| 2. | तथ्यांक संकलक प्रिन्स राई | १६००० |
| 3. | तथ्यांक संकलक एन्जल पुलामी | १६००० |
| 4. | तथ्यांक संकलक प्रकाश अधिकारी | १६००० |
| 5. | तथ्यांक संकलक सुस्मिता राई | १६००० |
| 6. | सामाजिक परिचालक झलक बहादुर घिमिरे | १६००० |
| 7. | सामाजिक परिचालक रोशन राई | १६००० |
| 8. | अमिन उजित ठटाल | १६००० |

| | | |
|---|---|---|
| 9. | अमिन कुशल गौतम | १६००० |
| 10. | लगत प्रविष्टीकर्ता डिल्लीराम तिम्सिना | १६००० |
| **जम्मा** | | **१६००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०,००० |

२८ **आन्तरिक लेखापरीक्षण वेरुजू**

**आन्तरिक लेखापरीक्षण प्रतिवेदनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ३३ (८) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणको क्रममा देखिएका व्यहोराहरु देहाय अनुसार असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ।

२८.१ पालिकाले गौ भौ नं २६९।२०८०।२।१८ वाट रेनकोट, व्याग खरिद गरे बापत रु.७७६९०।०० रकम भुक्तानी गरेको खरिद सामग्री दाखिला गरेको नपाईएकाले उक्त कार्यलाई सो को दाखिला प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७७,६९० |

२८.२ **भ्रमण खर्च -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।५ को निर्णयबाट रु.१३२०० ।-सम्परीक्षण गरिएको ।**

२८.३ **छायाँकपी पेश-**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. २४४२५ ।-सम्परीक्षण गरिएको ।**

२८.४ ५२४।२०७९।१२।५ पालिकाले कर्मचारी बैठक भत्ता वापत रू.२४००० रकम भुक्तानी गरेको देखिन्छ तर उक्त बैठकलाइ प्रमाणित गर्ने कुनै पनि किसिमको कागजात अभिलेखमा राखेको देखिदैन । यसप्रकारको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २४,००० |

२८ **जिन्सी दाखिला** -
.५ **...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु.२५०००।-सम्परीक्षण गरिएको ।**

२८ **दाखिला प्रतिवेदन -**
.६ **...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. ११३९८०।-सम्परीक्षण गरिएको ।**

२८ ८८९।२०८०।३।२२ पालिकाले भारती अपसेट प्रेस सू.न.पा १० बाट रू.१४५५९० को पाथीभरा क्षेत्रको
.७ रसिद खरिद गरेकोमा सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिम कम्तिमा ३ वटा आपुर्तिकर्ताबाट दरभाउपत्र लिई सामाग्रीको मुल्य यकिन गरी खरिद गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,४५,५९० |

२९ **करार सम्झौता वेगर तलवभत्ता भुक्तानी** - कुनै पनि रकमको भुक्तानी दिँदा करारका शर्त वमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भूमी व्यवस्थापन कार्यक्रम अन्तर्गत तथ्यांक संकलन कार्यको लागि गत विगत वर्ष देखि नै विभिन्न १० जना कर्मचारीलाई करार सेवामा राखी कार्य गराएता पनि उक्त कर्मचारीको करार सम्झौताको अवधि २०७९ जेठमा समाप्त भएको देखियो । सो पश्चात कर्मचारीवाट म्याद थपको लागि निवेदन प्राप्त भएता पनि उक्त निवेदन उपर कारवाही गरी म्याद थप भएको पाइएन । तर पालिकाले विभिन्न पदका १० जना कर्मचारीलाई करार सम्झौता वेगर तलव भत्ता गरी यस वर्ष रु.४०५१९६३।०० खर्च लेखेको पाइयो । यसरी करार सम्झौता नवीकरण नगरी तलव भत्ता वापत खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४०,५१,९६३ |

३० **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४५ जना कर्मचारीहरु करारमा राखी रु.१८२१८०००।०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित तथा विभिन्न कार्यक्रम तथा स्वास्थ्यतर्फ वाहेक विभिन्न पदमा ५ जना करार कर्मचारी नियुक्त गरी बर्षभरीमा रु.२३४५३९७।०० भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | |

३१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२१६३७१५१.०, पूर्वाधार विकास कार्यक्रम रु.८००००००.० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४५५०००.० समेत गरी रु.१३००९२१५१.० सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **दोहोरो भ्रमण खर्च भुक्तानी -** भ्रमण खर्च नियमाली,२०६४ मा एउटै मितिमा दोहोरो भ्रमण खर्च भुक्तानी गर्न नमिल्ने व्यवस्था उल्लेख छ। तर पालिकाले भौ.न.४४४-०८०।३।२४ बाट MNH Onsite Coaching कार्यक्रमको लागि जिल्ला स्वास्थ्य कार्यालय ईलाममा कार्यरत सि.अ.न.मि.निरिक्षक अनिता सुब्बालाई कार्यक्रममा सहभागि भएबापत २०८०।३।२० देखि २०८०।३।२४ सम्मको दैनिक भ्रमण बापत रु.८१००.० भुक्तानी भएको देखियो। निजले सोही मितिमा माई नगरपालिकाका ईलामबाट समेत भुक्तानी लिएको हुँदा निजलाई दोहोरो भ्रमण खर्च भुक्तानी भएको रु.८१००.० सि.अ.न.मि.निरिक्षक अनिता सुब्बाबाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१०० |

३३ **बढी भुक्तानी -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. ५८३९।-सम्परीक्षण गरिएको ।**

३४ **सामाजिक सुरक्षा कर कट्टी -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.६५००।-सम्परीक्षण गरिएको ।**

३५ **औषधि खरिद**

३५.१ पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी मेरिगोल्ड ईन्टरनेशनल प्रा.लि.भक्तपुरलाई रु.९९९०३१.० र

कालिका ड्रग डिस्ट्रब्यूटर्स अर्जुनधारालाई रु.३५८२३५.० समेत रु.१३५७२३५.० भुक्तानी दिएको पाईयो। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५.२ **थप व्ययभारः** सार्वजनिक खरिद नियमावली,२०६४ मा एउटै प्रकृतिका सामानहरु खरिद गर्दा एउटै प्याकेज बनाई लागत अनुमान तयार गरी किफायती तवरले खरिद गर्ने व्यवस्था उल्लेख छ। तर पालिकाले एउटै प्रकृतिका औषधी खरिद गर्दा एउटै प्याकेजमा खरिद गर्नुपर्नेमा टुक्रा पारी खरिद गरेको देखियो। संघीय सरकारबाट रु.१००००००.० अनुदान र पालिका तर्फ रु.१००००००.० समेत रु.२००००००.० बजेट विनियोजन गरी रु.१३५७२३५.० औषधी खरिद गरेको पाईयो। सशर्तबाट प्राप्त अनुदानको बोलपत्रमाध्यमबाट खरिद गर्दा लागत अनुमान भन्दा झण्डै ६५ प्रतिशत न्यून रु.३५८२३५.० मात्र खरिद गरेको तर पालिका तर्फको विनियोजन रकमबाट सिधै खरिद गर्दा लागत एउटै प्रकृतिका औषधीहरु लागत अनुमानकै हाराहारीमा खरिद गरेको पाईयो। जसले गर्दा बोलपत्रको माध्यमबाट खरिद गरेको भन्दा रु.६४०७९६.० थप व्ययभार परेको देखिएकोले पालिकालाई बढी व्ययभार परेको रु......

| अनियमित भएको | ६,४०,७९६ |
|---|---|

३६ **गरिबसँग विश्वेश्वर कार्यक्रम** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

गाईको बाछी वितरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। भौ.न.१९-०८०।१।१३ बाट गाईको बाछी वितरण गरेबापत सामाजिक परिचालक अञ्जना तामाङ राईको रु.२५००००.० पेश्की फछ्यौंट गरेको देखियो। लागत अनुमान तयार नगरि तीनवटा दररेट माग गरी न्यूनतम दररेट पेश गर्ने अपेक्षा गाई फार्म झापाबाट ४ वटा उन्नतको जातको गाईको बाछी रु.६००००.० का दरले रु.२४००००.० खरिद गरेको विल स्रेस्तासाथ पेश भएको देखियो। खरिद गरेका बाछीको प्रजाती, उमेर, उचाई नखुलेको, पशुचिकित्सक बाट स्वास्थ्य परिक्षण गरी भेटेनरी प्रमाण पेश हुनुपर्नेमा पशु शाखामा कार्यरत अधिकृत छैठौले खरिद गरिएका बाछीको स्वास्थ्य अवस्था स्वस्थ्य रहेको भनि सिफारिस गरेको तर कुन प्रजातीको हो, कति वर्षका हुन सो नखुलेकोले खरिद गरेका बाछीहरु उन्नत जातका हुन भन्न सक्ने अवस्था देखिएन। सम्बन्धित लाभग्राहीहरुलाई वितरण गरिएका बाछीहरु हाल के कस्तो अवस्था रहेका छन सो को अनुगमन प्रतिवेदन पेश नभएकोले खरिद तथा वितरण गरिएका बाछीहरु उन्नत जातका नै हुन भन्ने आधारलाई पुष्टाई गर्ने प्रमाण र हालको अवस्थाको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु....

| प्रमाण पेश नगरेको | २,४०,००० |
|---|---|

३७ **आन्तरिक आय** - आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने

व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २४१८६६१२१.० | २१६००००.० | ८.९३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.९३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३८ **कर तथा शुल्क असुली -** कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५००००० | 1२९५२२.०९ | ०.05१ |
| घरजग्गा वहाल कर | ० | ० | ० |
| व्यवसाय कर | १500000 | २८२१४६१.९७ | १८६.0 |
| वहाल विरौटी शुल्क | ५00000 | ३३७५२७६.० | ६६६.० |
| | ४५00000 | ६३२६२६०.०६ | १४०.५८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **पाथिभरा मन्दिरको आम्दानी -** पालिकाको वडा नं.३ स्थित रहेको पाथिभरा मन्दिर ०७९।११।०१ देखि संरक्षण तथा व्यवस्थापन पालिका मातहतमा आएको देखियो। उक्त मिति देखि ०८० असार मसान्त सम्म उक्त मन्दिरमा जम्मा भएको भेटी दक्षिणाबापत रु.७९१५८९४.० पालिकाको खातामा आम्दानी भएको छ। सेस्ता परिक्षण गर्दा देखिएका थप व्यहोरा निम्न छनः

३९.१ जिन्सी आम्दानीः पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिद्वारा जारी भएको आर्थिक प्रशासन सम्बन्धी विनियम,२०७९ दफा ६ मा मन्दिरमा भक्तजनहरुले चढाएको जिन्सी (सुन, चाँदी, चौपाया तथा कपाडा) सामाग्रीहरु सोही दिन पालिकामा बुझाउने यदि सोही दिन बुझाउने समय नभएको भोलीपल्ट पालिकाको

कार्यालयमा बुझाउने र सोलाई लिलाम गरी आम्दानी बाँध्ने व्यवस्था उल्लेख छ। तर पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिले हालसम्म प्राप्त गरेको जिन्सी सामाग्री सुन, चाँदी तथा कपडाबापतको अनुमानित रकम रु.७६४३६०.० रहेको भनि समितिले मुचुल्कामा उल्लेख गरेको देखियो। तर जिन्सी सामाग्री पालिकामा बुझाएको नदेखिएकोले उक्त जिन्सी सामाग्री पालिकामा बुझाई सो को विनियममा भएको व्यवस्था बमोजिम लिलाम गरी आम्दानी बाँध्नु पर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६४,३६० |

३९ .२ उक्त मन्दिरमा भक्तजनहरुले सुन तथा सुनका गहना समेत चढाउने गरेको देखिएकोले उक्त सुन तथा सुनका गहनाको शुद्धता मापन गरी पालिका जिन्सीमा आम्दानी बाँध्नुपर्नेमा हालसम्म उक्त सुन तथा सुनका गहना समितिले पालिकामा हस्तान्तरण गरेको देखिएन। भक्तजनबाट चढाएको सुन तथा सुनका गहनाको शुद्धता परिक्षण हालसम्म नभएकोले उक्त सुन तथा सुनका गहनाको शुद्धता मापन गरि जिन्सी दाखिला गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३९ .३ पालिकाको मातहतमा पाथीभरा मन्दिर संरक्षण तथा व्यवस्थापनमा आएपश्चात मन्दिरको आम्दानी रु.७९१५८९४.० रहेकोमा उक्त मन्दिर व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक पर्ने जनशक्ति तथा पूजापाठ खर्चबापत रु.१२७००००.० खर्च गरेको देखियो। उक्त खर्च कूल मन्दिरबाट हुने आम्दानीको १६ प्रतिशत रहेको देखियो। पालिकाले आगामी वर्षहरुमा खर्चलाई नियन्त्रण गर्दै आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४० **राजश्व कारोबारको लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.न. ९०४ साविक म.ले.प.फा.न. १०८ र म.ले.प.फा.नं. १०३ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा पालिका तथा वडा कार्यालय मासिक रुपमा दाखिला गर्ने गरेको देखियो। असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानीमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४१ **रसिद नियन्त्रण खाता** - पालिकाले रसिद नियन्त्रण खाता पेश नगरेकोले तोकिएको ढाँचा नगदि रसिद नियन्त्रण खाता म.ले.प.फा.नं ९०४ साविक १०८ अनुसार तयार नगरेको पाइयो । साथै पालिकाद्वारा सञ्चालित नगर अस्पतालले २०७९ मंसिर देखि पालिकावाट बुझेर लगेको १० ठेली नगदी रसिद प्रयोग गरेको भएता पनि सो भन्दा अघि अस्पताल आफैले छपाएको नगदी रसिद प्रयोग गरेको पाइयो । गत वर्षको मौज्दात ठेली

संख्या, यो वर्ष छपाएको ठेली संख्या र बाँकी रहेको मौज्दात रसिद ठेलीहरुको विवरण लेखापरीक्षणको क्रममा उपलब्ध भएन। आम्दानी, खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित बनाई राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **कुल आम्दानी** - पालिकाले वडा कार्यालयहरु पालिका र पाथीभरा मन्दिर व्यवस्थापन समिति लगायतवाट यस वर्ष कुल रु.२०१६९२४२।७९ आन्तरिक आय प्राप्त गरेको छ । वडा कार्यालयहरुमा २०७९।६।१२ सम्म नगदी रसिदवाट राजश्व आम्दानी प्राप्त गर्ने गरेकोमा २०७९।६।१३ वाट सफ्टवेयरको माध्यमवाट राजश्व आम्दानी गर्ने गरेको पाइयो भने पालिकामा हालसम्म पनि नगदी रसिद समेतवाट राजश्व असूली गर्ने गरेको पाइयो । नमूना छनौटको आधारमा केही वडाको राजश्व आम्दानी र दाखिलाको अवस्था भिडान गर्दा वैंक दाखिला भै आएको भौचरको लेखांकनको वखत एक वडाको आम्दानी अर्को वडामा समेत आम्दानी वाँधेको पाइएकोले वडागत रुपमा राजश्व असूली र दाखिलाको वास्तविक अवस्था एकिन गर्न सकिएन । अतः कार्यालयले राजश्व आम्दानी लेखांकन गर्दा जुन शिर्षक, वडा कार्यालय वा अन्यत्रवाट प्राप्त भएको भए तापनि आम्दानी जनाउँदा सोही शिर्षक वा वडा कार्यालयमा आम्दानी जनाई राजश्व आम्दानीको वास्तविक लेखांकन गर्नेपर्ने देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **उठ्न वाँकी सटर भाडा** - पालिकाको वडा नं ४ जोरकलश क्षेत्रमा भाडामा रहेका विभिन्न १४ वटा सटरमध्ये लेखापरीक्षण अवधिसम्म निम्नानुसारका विभिन्न सटरहरुवाट भाडा रकम उठ्न वाँकी रहेको देखियो । यसरी गत विगत वर्षदेखिको समेत भाडा उठ्न वाँकी देखिएकोले पालिकाले निम्नानुसारका सटरवाट उठ्न वाँकी रहेको भाडा रकम रु.४११०२०।०० सुदसहित सम्वन्धितवाट उठाई दाखिला गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ४,१३,४२० |
|---|---|

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४४ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२३०००००.० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२१६०००००.० अर्थात अनुमान भन्दा ८.७० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **सहकारी प्रवर्द्धन कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको

जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले सहकारी प्रवर्दन कार्यक्रम अन्तर्गत गो भौ नं ८४३।२०८०।३।१९ वाट नेपाल वचत तथा ऋण सहकारी केन्द्रीय सहकारी संघ लि लाई सम्झौता वमोजिमको रु.५०००००।०० भुक्तानी भएको पाइयो । पालिकाले सहकारी संघसँग पालिकामा संचालनमा रहेका २७ वटा सहकारी संस्थाहरुको दिगो संस्थागत विकासमा सहयोग तथा सहजीकरण गर्ने, सहकारी शिक्षा तथा तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने लगायतका विभिन्न कृयाकलाप संचालन गर्ने गरी सम्झौता गरेकोमा संस्थाले पेश गरेको प्रतिवेदनमा सम्झौतामा उल्लेख भएका सम्पूर्ण कृयाकलाप संचालन भएको पाइएन । यसरी भुक्तानी दिँदा करारका शर्त वमोजिमका कृयाकलाप सम्पन्न भए नभएको एकीन गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **संस्कृति प्रवर्द्धन कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । विभिन्न प्रकारका ड्रेस खरिद वापत गो भौ नं ९१६।२०८०।३।२३ वाट कचिन्स न्युरोडलाई रु.३९१०००।०० भुक्तानी दिएको पाइयो । श्रेस्तासाथ नेपाल आदिवासी जनजाती महासंघ समन्वय परिषद रोङ इलामको प्रस्तावना संलग्न रहे पनि प्रस्तावनामा संस्थाको छाप तथा पदाधिकारीले हस्ताक्षर समेत गरेको पाइएन । खरिदको प्रयोजन नखुलेका सामग्रीको दाखिला प्रतिवेदन, माग फारम, वितरण भरपाई लगायतका कुनै पनि कागजात समेत संलग्न रहेको पाइएन । यसरी खर्चलाई पुष्ट्याई गर्ने आवश्यक कागजात वेगर खर्च लेखेको खर्चको पुष्ट्याई हुन नसकेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९१,००० |

४७ **फरक खर्च शिर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका खर्च गर्दा तोकिएको शिर्षकवाट वजेट खर्च नगरी फरक शिर्षकवाट वजेट खर्च गरेको पाइएकोले फरक खर्च शिर्षकवाट खर्च गरको नियमसम्मत नदेखिएको रु.

| सि नं | वजेट शिर्षक | गौ भौ नं मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य चालु | ८७।२०८०।३।२० | पारिश्रमिक | स्वास्थ्य संस्थाहरुमा निशुल्क ओषधि खरिद | ५२१३८७ |
| २ | संघीय सरकारवाट | ४२२।२०८०।३।२० | पारिश्रमिक | खोप तथा खोप जन्य सामग्री | ३१९३५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | हस्तान्तरित चालु | | | ढुवानी कास यातायात वार्षिक | |
| **जम्मा** | | | | | ८४०७४२ |

| | |
|---|---|
| अनियमित भएको | ८,४०,७४२ |

४८ **दोहोरो यातायात खर्च** - प्रदेश नं १ सरकारद्वारा जारी गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने विभिन्न सुविधाहरु उल्लेख छ । जसमा कार्यालयको सवारी साधन सुविधा लिएका पदाधिकारीलाई यातायात खर्च उपलब्ध नहुने व्यवस्था छ भने सवारी साधन सुविधा नलिएका पदाधिकारीलाई दोहोरो नपर्ने गरी तोकिएको दरमा यातायात खर्च उपलब्ध हुने उल्लेख छ । पालिकामा एक मात्र सवारी साधन रहेको अवस्थामा पालिका अध्यक्ष तथा उपाध्यक्षले सवारी साधन आफैले वुझेर लिएको नदेखिएता पनि आवश्यकता र उपलब्धताको आधारमा कार्यालयको सवारी प्रयोग गरिरहेको पाइयो भने मासिक रु.१००००।०० को दरले यातायात खर्च समेत लिएको देखियो । यसका अलावा विभिन्न मितिमा विराटनगर, झापाका विभिन्न ठाउँ, ईलाम, पालिकाका विभिन्न ठाउँ लगायतमा जाँदा गाडी रिजर्भ गरेर गएको भनी गाउँपालिका अध्यक्षले प्रयोग गरेको गाडीभाडा वापत रु.१३४९०० र गाउँपालिका उपाध्यक्षले प्रयोग गरेको गाडीभाडा वापत रु.२०५५००।०० गरी रु.३४०४००।०० गाडी भाडामा खर्च लेखेको देखियो । यसरी ऐनमा यातायात खर्च वापत दोहोरो सुविधा उपलब्ध नहुने स्पष्ट व्यवस्था हुँदाहुँदै मासिक यातायात सुविधा लिएको अवस्थामा पुनः भाडाको सवारी साधन प्रयोग गरेको भनी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,४०,४०० |

४९ **कागजात वेगर पेश्की फछ्र्यौट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले कृषि पूँजीगत अन्तर्गत गो भौ नं ४१।२०७०।३।२६ वाट देवानछाप साना किसान कृषि सहकारी संस्थाको रु.४५००००।०० पेश्की फछ्र्यौट गर्दा खर्च रकमलाई प्रमाणित गर्ने श्रेस्ता, कागजात संलग्न नगरी पेश्की फछ्र्यौट गरेको पाइएकोले सो को सक्कल श्रेस्ता पेश हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

५० **विद्यालयमा ICT जडान कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न ३० वटा विद्यालयमा ICT जडान जडान कार्यक्रम अन्तर्गत स्मार्टवोर्ड १० वटा, कम्प्यूटर ३९ वटा, इहाजिरी ३० वटा र प्रिन्टर ५ वटा उपलब्ध गराउन रिमाल इन्टरप्राइजेजसँग सम्झौता गरी रु.५७४७१८०।०० भुक्तानी गरेको छ । पालिकाको

जिन्सीमा आम्दानी देखाई हस्तान्तरण फारमको माध्यमवाट विद्यालयलाई वुझाएको पाइए तापनि उक्त सामान विद्यालयले दाखिला गरी प्रतिवेदन तयार गरेको छैन । पालिकाले उक्त सामान सञ्चालनमा रहे नरहेको सम्वन्धमा अनुगमन गरी दाखिला प्रतिवेदनको आधारमा पालिकाको जिन्सीवाट खर्च कट्टा गर्नुपर्ने रु

| **क.सं .** | **विद्यालयको नाम** | **स्मार्टबोर्ड** | **कम्प्युटर** | **इहाजिरी** | **प्रिन्टर** |
|---|---|---|---|---|---|
| १ | अरुणोदयआ वि | 0 | 0 | 1 | 0 |
| २ | ज्ञानोदयआ वि | 0 | 1 | 1 | 1 |
| ३ | इरौंटारआ वि | 0 | 0 | 1 | 0 |
| ४ | किसानजनहित आ वि | 0 | 0 | 1 | 0 |
| ५ | गणेशआ वि | 0 | 0 | 1 | 0 |
| ६ | चन्द्रकलाआ वि | 0 | 0 | 1 | 0 |
| ७ | चिसापानीआ वि | 0 | 1 | 1 | 0 |
| ८ | जनताआ वि | 0 | 1 | 1 | 1 |
| ९ | जिर्मलेआ वि | 0 | 0 | 1 | 0 |
| १० | ज्योतिआ वि | 0 | 0 | 1 | 0 |
| ११ | देविगञ्जआ वि | 0 | 0 | 1 | 0 |
| १२ | नवसिर्जनाआ वि | 0 | 0 | 1 | 0 |
| १३ | नारायणआ वि | 0 | 1 | 1 | 1 |
| १४ | पाटापुरआ वि | 0 | 1 | 1 | 1 |
| १५ | बालकल्याणआ वि | 0 | 0 | 1 | 0 |
| १६ | मालबाँसेआ वि | 0 | 0 | 1 | 0 |
| १७ | लामिटारआ वि | 0 | 0 | 1 | 0 |
| १८ | विष्णुअमरआ वि | 0 | 0 | 1 | 0 |
| १९ | शँकरआ वि | 0 | 0 | 1 | 0 |
| २० | शारदाआ वि | 0 | 1 | 1 | 1 |
| २१ | सरस्वतीआ वि | 0 | 0 | 1 | 0 |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | शान्तिपुर मा वि | 2 | 0 | 1 | 0 |
| २३ | उमामहेश्वर मा वि | 1 | 11 | 1 | 0 |
| २४ | कुवापानी मा वि | 0 | 4 | 1 | 0 |
| २५ | बहुवन मा वि | 1 | 0 | 1 | 0 |
| २६ | मोतिराम मा वि | 1 | 8 | 1 | 0 |
| २७ | शशी मा वि | 2 | 0 | 1 | 0 |
| २८ | शान्तिनिकेतन मा वि | 0 | 0 | 1 | 0 |
| २९ | सरस्वती मा वि भालझोडा कोल्बुङ | 2 | 2 | 1 | 0 |
| ३० | सरस्वती मा वि रम्याङ जिर्मले | 1 | 8 | 1 | 0 |
| **जम्मा** | | **10** | **39** | **30** | **5** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,४७,१८० |

५१ **विद्यालयमा सि सि क्यामरा जडान** - यस पालिकाले विद्यालय सि सि क्यामरा जडान कार्यक्रममा निम्न दश वटा माध्यमिक विद्यालयमा रु.१९०८२३१।०० को लागत अनुमान तयार गरी २०८० जेठ १९ मा भएको सम्झौता अनुसार रु१९०२०४२।०० मा जडान सम्पन्न गरेको भनी भुक्तानी भएको छ । पालिकाले अनुदान वितरण गरेपछि सो रकमको उपयोग सम्वन्धमा अनुगमन गरी सो को प्रतिवेदन दिएको पाइएन । लेखापरीक्षणको शिलशिलामा छलफल हुँदा दुई वटा विद्यालयहरु सरस्वती मा वि रम्पाङ जिर्मले र शान्तिपुर मा वि को सि सि क्यामरा चट्याङ्ग लागेर सञ्चालनमा नरहेको वुझिन आएको छ । विद्यालयको अनुगमन गरी सम्झौताको शर्त अनुसार सञ्चालनमा नरहेका सि सि क्यामरा प्रतिस्थापन गरी सुचारु गर्नुपर्ने देखिएको रु.

| **क्रम संख्या** | **विद्यालयको नाम** |
|---|---|
| १ | सरस्वती आ वि |
| २ | शान्तिपुर मा वि |
| ३ | उमामहेश्वर मा वि |
| ४ | कुवापानी मा वि |
| ५ | वहुवन मा वि |
| ६ | मोतिराम मा वि |

| | |
|---|---|
| ७ | शशी मा वि |
| ८ | शान्ति निकेतन मा वि |
| ९ | सरस्वती मा वि भालझोडा कोव्लुङ |
| १० | सरस्वती मा वि रम्याङ जिर्मले |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,०८,२३१ |

५२ **कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको** - सार्वजनिक खरिद नियामावली,२०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा कार्य सार्वजनिक निकायमा पेश गर्नु पर्ने, खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने, यस्तो दाबी गर्दा सम्बन्धित सार्वजनिक निकायले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई राख्नुपर्ने,सार्वजनिक निकायले सो बमोजिमको अभिलेखको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई गराउनुपर्ने र त्यस्तो अभिलेख सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली,वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने, कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाटजाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने, सो बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उक्त अभिलेख समेत संलग्न गर्नुपर्ने, उपनियम (२) बमोजिम जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसनबमोजिम भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्ने,यसरी निर्माण भएको नक्सा र उपनियम (३) बमोजिम पेश भएको कार्य सम्पन्नप्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने र सार्वजनिक निकायका प्रमुख र बोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निजभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्ने, उपनियम (४) बमोजिमको अधिकारीले आवश्यक देखेमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमाआफैंले जाँचबुझ गर्न वा कुनै प्राविधिक कर्मचारी वा प्राविधिक कर्मचारीहरुको टोली मार्फत जाँचबुझ गराउन सक्ने, उपनियम (५) बमोजिम जाँचबुझ गर्दा सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिमभएको पाइएमा त्यस्तो अधिकारीले त्यस्तो निर्माण कार्य स्वीकृत गर्नु पर्ने , उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (४) बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश भएको मितिले पैंतालीस दिनभित्र उपनियम (५) बमोजिम जाँचबुझ गर्ने कार्य सम्पन्न नभएमा त्यस्तो निर्माण कार्य स्वतःस्वीकृत भएको मानिने, यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन दस लाख रुपैंयासम्मको निर्माण कार्यको हकमा भए सम्बन्धित सार्वजनिक निकायको प्रमुख प्राविधिक भए निज आफैलेजाँच गरी र प्राविधिक नभए अन्य प्राविधिक कर्मचारीबाट जचाउन सक्नेछ । त्यसरी जाँच गर्दा वा गराउँदा त्यस्तो निर्माणकार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भएको पाइएमा निजले

कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गर्नपर्ने र कार्य सम्पन्न भएको कुराको जानकारी एक तह माथिको अधिकारीलाई दिनु पर्ने, यस नियम बमोजिम कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि सार्वजनिक निकायले सम्बन्धित निर्माण व्यवसायीलाई कार्यसम्पन्न प्रतिवेदन (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्थाछ। नगरपालिकाले यस वर्ष सम्पन्न भएका निम्न ठेक्का कार्य गर्दा नियामावलीको उपरोक्त प्रावधान बमोजिम कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको छैन।

| सिन | योजना | निर्माण व्यवसायि | सम्झौता मिति | सम्झौता रकम | कार्यसम्पन्न मिति | कार्यसम्पन्न रकम |
|---|---|---|---|---|---|---|
| १ | हर्कटे दैले जौवारि कुवापानि लामिटार सडक | किराँत निर्माण सेवा | | ६०४७६५०।४९ | २०८०।०३।२२ | ६१२५०७९।६७ |
| २ | हासपोखरी मझुवा मुर्चुङगे सडक | सिद्दकालि इन्जिनियरिङ कन्ट्रक्सन प्रा.लि. | २०७९।७।३ | ४२५१३९२।९० | २०८०।०३।२२ | ४१२५९१६।९१ |
| ३ | निन्दा सिद्दि सलकपुर श्रीअन्तु सडक | भान्जा कन्ट्रक्सन | | १५८७९३२।४३ | २०७९।१०।२९ | १५२०६०९।५३ |
| ४ | किटेनि सालबोटे काउछेटार सडक | भिक्टोर कन्ट्रक्सन | | १६६९०८४।२० | २०७९।११।३० | १६६३४७५।१२ |
| ५ | सातकटेरि बरफल्यङ बरभन्ज्याङ सडक | सिद्दकालि इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि. | | १६३७१६।२७ | २०७९।११।३० | १६३२१८४।३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | डुङ्ने एकराते वदमटार धनसार सडक | माई भवगती कन्स्ट्रक्सन | २०७८।११।५ | ६५६९७४३ | २०७९।५।१५ | ६४७७३६९ |

सैद्धान्तिक बेरुजु

५३ **सामान खरिद गरी मौज्दात राखेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने सम्वन्धि व्यवस्था छ । जस अनुसार कार्यालयमा प्राप्त हुन आएको नगदी, जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुन्छ । पालिकाले विभिन्न कार्यक्रम अन्तर्गत खरिद गरेका निम्नानुसारका सामग्रीहरु आ व को अन्त्यसम्म समेत प्रयोग नगरी मौज्दात राखेको देखियो । यसरी खरिद भएका सामग्रीहरु प्रयोग नगरी लामो समयसम्म मौज्दात रहँदा कार्यक्रमले राखेको उद्देश्य पुरा नहुनुको साथै मौज्दात सामग्रीको गुणस्तर विग्रने लगायतका समस्या आउनसक्ने हुँदा विभिन्न आपूर्तकवाट खरिद गरिएका निम्नानुसारका रु.३२०६२९७।०० वरावरका सामग्रीको वितरण भरपाई, प्राविधिक विल तथा जडान भएको नापी किताव लगायतका प्रमाण कागजात पेश हुनुपर्ने देखिएको रु.

| **क्रम संख्या** | **कामको विवरण** | **व्यवसायीको नाम** | **मौज्दात सामग्रीको मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| १ | उन्नत जातको गाईको लागि Sexed Semen खरिद | Tech Line International | १७६५२५६ | ५० प्रतिशत कृषि विकास कार्यलयले व्यहोरेको |
| २ | १८ HP मोटर खरिद २ थान | मेसिनरी नेपाल प्रा ली | ४८८६५० | |
| ३ | ह्युम पाइप खरिद | पाथिभरा सप्लायर्स | ६२०००० | |
| ४ | HDPE पाइप खरिद | साहेवाला इन्टरप्राइजेज | १९०००० | |
| ५ | मौरी घार खरिद तथा वितरण कार्यक्रम | ग्रीनलक एग्रो प्रा ली | १४२३९१ | रु.२४४१००० वरावरको ६०० थान खरिद भएकोमा ३५ थान वाँकी |
| **जम्मा** | | | **३२०६२९७** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,०६,२९७ |

५४ **प्रशासकीय भवन निर्माण** - यस रोङ गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न रु.७०५७७४६३।७१ को लागत अनुमान तयार गरी २०७८ मंसिर १७ मा निर्माण व्यवसायी नमूना कन्स्ट्रक्सनसँग रु.५१४२१७२३।०० मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको पाइयो । वहुवर्षीय ठेक्काको रुपमा सम्झौता भएको यस ठेक्काको म्याद २०८० भाद्र ११ सम्म रहेको देखिन्छ । निर्माण व्यवसायीले २०८० आषाढ समान्तसम्म पाँचौ रनिङ्ग विलसम्मको रु.३०९०९९९२।०० भुक्तानी लगेको देखिन्छ । लेखापरीक्षणको सिलसिलामा देखिएका अन्य व्यहोरा यस प्रकार छन् ।

५४.१ ठेक्काको म्याद थपः निर्माण व्यवसायीले आर्थिक मन्दी र कच्चा पदार्थको सहज आपूर्ती नभएको कारण जनाई २०८०।४।२० मा छ महिना म्याद थप गर्न अनुरोध गरेको र पालिकाले २०८० माघ २२ सम्म म्याद थप गरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को दफा ५६ र नियम १२० अनुसार कावु वाहिरको परिस्थिति हो वा होइन सो सम्वन्धमा कुनै उल्लेख नगरी म्याद थप भएको देखिन्छ । म्याद थप गर्दा निर्माण व्यवसायीको ढिलासुस्तीको कारण अवधि लम्विएमा हर्जना लिने गरी र कावु वाहिरको परिस्थितिले म्याद थप भएको भए हर्जना नलिने गरी जिम्मेवार व्यक्तिले निर्णय गर्न सक्नेमा सो अवस्थामा म्याद थप गर्दा दर्शाएको पाईएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४.२ स्थलगत अवलोकनः मिति २०८०।४।२० मा प्रशासनिक भवन निर्माणको स्थलगत अवलोकन गरियो । निर्माण व्यवसायीले Work Schedule अनुसार कुन काम कतिवेला गर्ने भनी सम्झौता गर्दा दिएको गाइड लाइन अनुसार संरचना निर्माण गर्नुपर्दछ । भवनको पछाडीपट्टीको Protection Wall लगाउने गरी सम्झौता भएको र सो पर्खाल भवन निर्माणको अधिकांश संरचनागत कार्यसम्पन्न भैसक्दा समेत Step Cutting मात्र गरेको पाइयो । यसैगरी तलको चित्रमा देखाइए जस्तै फलाम सिमेन्ट जस्ता छिटो विग्रने, गुणस्तर खस्किन सक्ने सामानको उचित संरक्षण नगरी राखेकोले गुणस्तरमा ह्रास आउनसक्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।





सैद्धान्तिक बेरुजु

५५ **ठेक्काबाट बचेको रकममा पुनः कार्यक्रम संशोधन बेगर खर्च गरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न वा नयाँ कार्यक्रम संचालन गर्नुपर्ने आधार उल्लेख गरी

कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका सडक आयोजनाको लागि लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा लागत अनुमान भन्दा कम दरमा कार्य गराइसकेपछि बाँकी रहेको रकमवाट कार्यक्रम संशोधन वेगर विभिन्न आयोजनामा खर्च गरेको पाइयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरित कार्यक्रमा संशोधन वेगर ठेक्कावाट वचत रकम सोही आयोजनामा थप कार्य गरी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| **क्रमसंख्या** | **योजनाकोनाम** | **लागतअनुमान** | **सम्झौतारकम** | **वचतरकम** |
|---|---|---|---|---|
| १ | हाँसपोखरीमझुवा वेसीवजार सडक | ६९९७६९४ | ४२५१३९३ | २७४६३०१ |
| २ | हाँसपोखरीइरुटार वहुवन सडक | १०५२९५०० | ६०४७६५० | ४४८१८५० |
| ३ | निन्दासलकपुर सिद्दि अन्तु सडक | २३९८१३१ | १५८७९३२ | १५८७९३२ |
| **जम्मा** | | | | **८०३८३५०** |

| | |
|---|---|
| अनियमित भएको | ८०,३८,३५० |

५६ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित देहायका सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेकोले नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीमा भएको व्यवस्थाको परिपालनामा पालिकाको ध्यान जानुपर्ने देखिन्छ । उपभोक्ता समितिवाट भएका निर्माण कार्यमा हेभी इक्युपमेण्टको प्रयोग भएका उदाहरण निम्नानुसार छन् ।

| **क्रम संख्या** | **वडा नं.** | **योजनाको नाम** | **कार्यससम्पन्न रकम** | **मेशिनबाट काम भएको रकम** |
|---|---|---|---|---|
| 1 | वडा नं १ | चहिनपुरे बाट बिलन्दे टाङटिङ खोला हुँदै सु.न.पा सडक | 401835 | 400835 |
| 2 | | देवीगञ्ज आ.वि बाट खड्का गाउँ , लेप्चा गाउँ हुँदै गा.पा सडक | 1147717 | 832000 |

| | | | | |
|---|---|---|---|---|
| 3 | | कागुने शाखा सडक रोड १ | 97330 | 37800 |
| 4 | | देउसाली गाउँ देखि लेप्चा गाउँसम्म जोड्ने बाटो | 118925 | 118925 |
| 5 | | बाटो मर्मत रोड - १ | 547618 | 427890 |
| 6 | वडा नं २ | गुम्वा डाँडा गडामे वरफल्याङ सडक | 176782 | 176782 |
| 7 | | सडक मर्मत कार्य सोरसारे बरफल्याङ् | 228887 | 228887 |
| 8 | | बदमटार झोलुँङ्गे पुल सडक | 117688 | 117688 |
| 9 | | लुक्वा जाने सडक | 177299 | 177299 |
| 10 | | रामकृष्ण झोर्लुङ्गे पुल सडक | 118133 | 95005 |
| 11 | | दुधे बदमटार लाप्चेटार सडक मर्मत | 113038 | 113038 |
| 12 | | चैनपुरे लामकटेरि बदमटार सडक | 542062 | 541062 |
| 13 | वडा नं ३ | चिण्डे पुछार भुजेल टोल वरपिपल सडक विस्तार | 596342 | 519131 |
| 14 | | ढोडेनि सडक | 590797 | 575532 |
| 15 | | पात्ले जम्दारे डाडा सडक विस्ता | 180828 | 162752 |
| 16 | | हर्कटे तिनतले वस्ति कृषि सडक निर्माण | 298973 | 288127 |
| 17 | | भतारे खोल्याङ टोल सडक | 119726 | 106871 |
| 18 | | सानो भालुझोडा डाडाँ लिम्बुगाउँ प्यरे सडक विस्तार | 235308 | 224462 |
| 19 | | सिमले मालबासे बुलु भोटेटार सडक | 596024 | 579956 |
| 20 | | खमारे सानो बुलु सडक | 376333 | 347863 |

| | | | | |
|---|---|---|---|---|
| 21 | | प्युरे टिउसन डाडा चन्द्र कला आ वि सडक विस्तार | 297170 | 243843 |
| 22 | | मझुवा सिरान टोलमा कृषि सडक निर्माण | 191522 | 172241 |
| 23 | वडा नं ४ | लामी दुवाली देखि घलिगोठ नयाँ बाटो निर्माण . | 921472 | 921472 |
| 24 | | निङ्ग मा पा जाने वाटो | 79783 | 79783 |
| 25 | | तामाङ्ग गोलाई बाट सानो तितुङ्गे बगरखेत हुदै बुद्धशान्ति -६ ठूटेवर जोड्ने सडक | 194870 | 190258 |
| 26 | | सुनमाई हल्लुडे सडक | 358881 | 358881 |
| 27 | | पहरीगाउँ ओझेली हँडिया सडक मर्मत | 118805 | 118805 |
| 28 | | मानाबुङ्ग फोक्सेडाडा शाखा वाटो निर्माण | 62302 | 62302 |
| 29 | | ४ नं वडा अन्तर्गत वाटो निर्माण | 198803 | 158215 |
| 30 | वडा नं ५ | गणेश कार्कीको घर हुदै गिरिगाउँ बाट दाहाल गाउँ जोड्ने सडक निर्माण | 286723 | 286723 |
| 31 | | जिरिखिन्ति धारापानी जुल्फे सडक निर्माण | 185606 | 185606 |
| 32 | | मसार टोक्रोके लामिटार जोड्ने सडक निर्माण | 472540 | 472540 |
| 33 | | जिरिखिन्ति धारापानी जुल्फे सडक निर्माण | 185606 | 185606 |
| 34 | | सारुपाखा फुलपाडाँडा जोड्ने सडक | 116395 | 116395 |
| 35 | | देवनछाप सिस्ने नयाँ सडक निर्माण | 175802 | 175802 |

| | | | | |
|---|---|---|---|---|
| 36 | | अगम सिंङको घर हुदैं सन्देश नकुल राइको घर जोड्ने सडक | 118674 | 118674 |
| 37 | | नाखोपा तल्लोगाउँ हुदै तेलपानी ज्यामिरे सडक | 116834 | 116834 |
| 38 | | निमाछिरिङग गाउँ हुदै मालबासे स्कुल जोड्ने सडक | 117056 | 117056 |
| 39 | वडा नं ६ | निन्दा कार्तिके सलकपुर सडक स्तरउन्नति | 1754453 | 1754453 |
| 40 | | तेलपानि कुवापानि जिर्मले सडक | 494928 | 494928 |
| 41 | | जौवारि सिस्ने वडाँ कार्यालय खलिपे सडक | 597462 | 597462 |
| 42 | | जिर्मले खण्ड सडक स्तर उन्नति तथा पुर्णता | 362130 | 362130 |
| 43 | | गोकर्ण विष्णुफिरे क्षेत्र सडक | 442142 | 90074 |
| **जम्मा** | | | **14631604** | **13451988** |

सैद्धान्तिक बेरुजु

५७ **वितरणमूखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । यस रोङ गाउँपालिकाले निर्माण कार्यको मूर्त उपलब्धि देखिने ठूला योजना नवनाई स-साना टुक्रे योजना वनाई वाटो कृषि, स्वास्थ्य, पशु जस्ता कार्यक्रममा खर्च गर्ने गरेको देखियो । यसले गर्दा रु.५ लाख भन्दा तलका स-साना योजनावाट दीर्घरुपमा स्थायी संरचना नवन्ने र अर्को वर्ष पुनः सोही कार्यक्रममा खर्च गर्नुपर्ने अवस्था देखिन आयो । यसरी Growth Model मा दिगो विकास अवलम्वन नगरी वितरणमूखी कार्यक्रमलाई प्रश्रय दिंदा कानूनी रुपमा परिपालना नहुने र दिगो विकासको लक्ष हासिल गर्न समेत कठिन देखिएकोले पूँजीगत वजेटवाट योजना तयार गर्दा ससाना टुक्रे योजना नवनाई देखिने र जनताले महसूस गर्ने योजनामा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८ **नीति तथा कार्यक्रममा उल्लेखित निम्न विषयहरु कार्यान्वयनमा नआएको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले कार्यक्रम तर्जुमा गर्दा सोही अनुसार कार्यान्वयन गर्न सकिने किमिमका योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा निम्नानुसारका कार्यक्रमहरु कार्यान्वयनमा आएको पाइएन । योजना तर्जुमा गर्दा कार्यान्वयन गर्न सकिने किसिमका योजना तर्जुमा गर्नुपर्ने देखिन्छ ।

• कृषकलाई समूहमा आवद्ध गरी कृषि पाठशाला संचालन गर्ने ।

• स्वदेशमै वनेका कृषि सामग्रीलाई प्रोत्साहन गर्न राष्ट्रिय आविस्कार केन्द्रसँग समन्वय गरी प्राथमिकतामा राखी कृषि सामग्री वितरण गर्ने ।

• इलामको पहिचानको रुपमा अलैंची चिया कफी तथा अन्य कृषिजन्य उत्पादनको विकास प्रवर्द्धन उत्पादन वृद्धि प्रशोधन प्याकेजिङ्ग र मार्केटिङ्गको क्षेत्रमा सम्वन्धित कार्यालयहरुको सहयोग र समन्वयमा सरोकारवालाहरुको समेत लगानी साझेदारीमा गुणस्तरीय उत्पादन वृद्वि गराउने ।

• व्यवसायीक रुपमा उत्पादन गर्ने कृषि तथा पशुजन्य उत्पादनलाई औधोगिकीकरणमा प्रोत्साहन गर्ने साना किसानलाई सहकारीमा आवद्ध गराई चिया, कफी, दुध तथा अन्य कृषिजन्य उद्योग निर्माण गर्न पहल गर्ने

• आकाशे पानीलाई प्रविधियुक्त सिंचाई प्रणालीमा रुपान्तरण गर्दै कृषियोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने ।

• एक गाउँ एक नर्सरी नीति कार्यान्वयनमा ल्याउने ।

• रोङ गाउँपालिकाको परिसरभित्र सेरेना प्रजातीको मौरी वाहेक अन्य प्रजातीको मौरी निशेषित क्षेत्र कायमा गरी सेरेना मौरी श्रोतकेन्द्र स्थापना गर्ने ।

• नेपालमै लोप हुँदै गइरहेको पुत्का संरक्षण र महको उत्पादनमा जोड दिन विशेष कार्यक्रम कार्यक्रम ल्याइने।

• कृषि क्षेत्रको तथा ठूला उद्योगहरुको स्थापना र प्रवर्द्धन गर्ने नीति कार्यान्वयनमा ल्याइने ।

• पर्यटनको दीर्घकालीन विकासको लागि पालिकालाई चारवटा करिडोरमा विकास गर्ने ।

• पाथीभरा क्षेत्रको विकासको लागि वृहत गुरुयोजना अद्यावधिक गरी तहगत सरकारसँगको समन्वयमा विकास गर्ने नीति अवलम्वन गर्ने ।

• मौलिक नमूना घर, अर्गानिक करेसावारी र नमूना वगैंचा प्रवर्द्धन नीती अवलम्वन गरिने ।

सैद्धान्तिक बेरुजु

५९ **परामर्श तथा डीपिआर खर्च -** परामर्श तथा डीपिआर खर्चः बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| अव्यवस्थित बसोबासको धनिपूर्जा वितरण | स्ट्रिङ्ग ईन्जिनियरिङ्ग प्रा. लि. | १९९६२०७.६७ | १९०९७००.० |
| जम्माः | | १९९६२०७.६७ | १९०९७००.० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। प्रयोग भएको नदेखिएकोले आफ्नै जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यमा बाहिरबाट Out Sourcing गरिनु वाञ्छनीय हुदैन।

सैद्धान्तिक बेरुजु

६० **लघु उद्यम विकास कार्यक्रम -** लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.२९ लाख ४८ हजार विनियोजन भएको मध्ये रु.२७५०७४३.० खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः

६०.१ प्राविधिक सिप विकास तथा स्तरोन्नती तालिमः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार तथा नियम १४ मा लागत अनुमानको स्वीकृती र सोही नियमावलीको नियम ६९ मा परामर्शबाट खरिद गर्दा कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई सुपारीको पातको टपरी, सिलाई कटाई, व्यूटिपार्लर, होटेल तथा होम स्टे र पशुपालन लगायतका तालिम संचालनबापत भौ.न.३४६ र ४३५ बाट रौताहा टेक्निकल कलेज प्रा.लि.लाई रु.१३०७८८५.० भुक्तानी गरेको पाईयो। पालिकाले नियमावलीमा भएको व्यवस्थावेगर विनियोजित बजेट रु.१३१३०००.० लाई नै आधार बनाई लागत अनुमान वेगर प्रस्तावना माग गरेको देखियो। तिन वटा प्रस्तावना मध्ये न्यून प्रस्ताव रु.१३०७८८५.० पेश गर्ने रौताहा टेक्निकल कलेज प्रा.लि.सँग २०७९।०७।२७ मा सम्झौता गरेको सम्झौता पत्र रहेको तर उक्त सम्झौतामा सम्झौता अवधि ०७९।०६।०९ देखि २०८०।०१।३० सम्म उल्लेख भएकोले सम्झौता भएको मिति भन्दा १ महिना २४ दिन आगावै कार्यदिश दिएको देखियो। लागत अनुमान तयार गरी प्रस्तिस्पर्धात्मक तवरले खरिद प्रकृया कानुन बमोजिम गर्नुपर्नेमा कुल विनियोजित रकमलाई नै आधार लिई प्रस्तावना माग गर्दा विनियोजित रकमकै हाराहारीमा ३ वटा प्रस्तावना पेश भएका र उक्त प्रस्तावनामध्ये न्यून प्रस्ताव पेश गर्ने परामर्शदाता रौताहा टेक्निकल कलेज प्रा.लि. को विनियोजित रकम भन्दा ०.३९ प्रतिशत मात्र न्यून प्रस्तावना पेश भएको देखिएकोले खरिद प्रकृया प्रतिस्पर्धात्मक र मितव्ययी नदेखिएको र नियमावलीमा भएको कानूनी प्रावधान बेगर सम्झौता गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.....

| | |
|---|---|
| अनियमित भएको | १७,०७,८८५ |

६०.२ ओभरहेड भुक्तानीः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) सँग सम्वन्धित अनुसुची 1(क) मा परामर्श सेवामा ओभरहेड लागत भुक्तानी दिन नमिल्ने व्यवस्था छ। तर रौताहा टेक्निकल कलेज प्रा.लि.ले पेश गरेको आर्थिक प्रस्तावना पत्रमा जम्मा खर्चमा १० प्रतिशत शीर्षभार(Overhead) समेत जोडेर पेश गरेको देखियो। पालिकाले उक्त परामर्शदाता ओभरहेड बापत रु.७४२९९.० भुक्तानी गरेको हुँदा उक्त रकम रौताहा टेक्निकल कलेज प्रा.लि.बाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,२९९ |

६०.३ गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले सीप विकास तालिम (गाईपालन, सुपारीको टपरा बनाउने, सिलाई कटाई तथा व्यूटिसियन लगायतका) मा उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले निर्देशिकामा भएको व्यवस्था पालनामा भएन। पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६०.४ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.१४००००.० को कृषि लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६१ जनप्रतिनिधिको क्षमता विकास तालिम

६१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्वाचित जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम संचालन गर्नको लागि लागत अनुमान तयार नगरी विभिन्न फर्मसँग प्रस्ताव माग गरेकोमा जे पि मिडिया प्रा ली ले पेश गरेको प्रस्ताव स्वीकृत भएको पाइयो । साथै स्वीकृत प्रस्ताव खर्चको मापदण्डभित्र रही पेश गरेको पाइएन । तालिम संचालन गरेवापत गो भौ नं ८९५।२०८०।३।१९ वाट जे पि मिडिया प्रा ली लाई रु.४४६५१९।०० भुक्तानी गरेको पाइयो । यसरी तालिम कार्यक्रमका अधिकांश कृयाकलापमा खर्चको मापदण्डले तोकेको दरभन्दा वढी खर्च गर्नेगरी पेश भएको प्रस्ताव स्वीकृत गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,४६,५१९ |

६१.२ वढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । स्वीकृत प्रस्तावनामा पालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई तालिम दिने भनी रु.६६०००।०० प्रस्ताव भई स्वीकृत भएकोमा क्षमता विकास कार्यक्रममा २२ जना मात्र जनप्रतिनिधि उपस्थित भै रु.२१००० मात्र खर्च भएको पाइयो । यसरी स्वीकृत कार्यक्रम अनुसारका जनप्रतिनिधि उपस्थित नभई तोकिएको रकम खर्च नभएको अवस्थामा समेत सम्झौता अनुसारको पुरै रकम भुक्तानी दिएको पाइएकोले वढी भुक्तानी भएको रु.४५०००।०० को मू. अ. कर समेतले हुने रु.५०८५०।०० सम्वन्धित फर्मवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८५० |

६२ **वढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। मकैको खोष्टाको फुल तथा फुलदानी वनाउने तथा परालको चप्पल वनाउने तालिम संचालन वापत गो भौ नं ७५१।२०८४।२।३१ वाट नमस्ते इन्स्टिच्युट एण्ड कन्सल्टेन्सी प्रा.ली. लाई रु.२२६२००।०० भुक्तानी भएको पाइयो । संलग्न कागजात परीक्षण गर्दा सेवा प्रदायक संस्थाले परालको चप्पल वनाउने तालिम कार्यक्रममा १५ जना प्रशिक्षार्थीलाई तालिम दिने उल्लेख गरेकोमा ११ जना प्रशिक्षार्थी मात्र तालिम कार्यक्रममा सहभागी भएको पाइएकोले ४ जनाको यातायात खर्च वातपको रु.२४०० तथा खाजा खर्च वापतको रु.५३३३ गरी रु.७७३३।०० वढी भुक्तानी भएको पाइएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित फर्मवाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७३३ |

६३ **DGPS प्रविध मार्फत जग्गाको नापजाँच तथा नक्सांकन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले वडा नं १ र २ मा लामो समयदेखि अव्यवस्थित रुपमा वसोवास गर्दै आएका भुमिहिन सुकुम्बासीहरुको जग्गा DGPS प्रविधिवाट नापजाँच गरी नक्सांकन गर्ने कार्यको लागि २०७९ पौष मसान्तसम्ममा कार्य सम्पन्न गर्नेगरी मिति २०७९।५।५ मा स्ट्रिङ्ग इन्जिनियरिङ्ग प्रा. ली. सँग रु.१९०९७००।०० वरावरको सम्झौता गरेको पाइयो । पालिकाले गो भौ नं ९१३।२०८०।३।२३ वाट अन्तिम किस्ताको रु.५७१५५४।०० समेत गरी सम्झौता बमोजिमको सम्पूर्ण रकम भुक्तानी गरेको पाइयो । सम्झौता वमोजिम सम्वन्धित फर्मले भुमिहिन

दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको आवेदन अनुसारको जग्गाको नापजाँच र नक्सांकन सहितको प्रतिवेदन वुझाउनुपर्नेमा सो प्रतिवेदन तथा सो को जिन्सी दाखिला प्रतिवेदन लेखपरीक्षण हुँदाका वखत पेश भएन । अतः सम्झौता बमोजिमको प्रतिवेदन पेश नहुँदा सम्झौता बमोजिमको कार्य भए नभएको सम्वन्धमा आश्वस्त हुन नसकिएको हुँदा सो प्रतिवेदन तथा सो को जिन्सी दाखिला प्रतवेदन समेत पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,०९,७०० |

६४ **नन फाइलर -**

**..........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.१५०४६४।-सम्परीक्षण गरिएको ।**

६५ **भ्याक्सिनेटरको पारिश्रमिक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाले निर्णय गरे वमोजिमको दरमा पिपिआर, खोरेत, स्वाइन फिवर लगायतका खोपका खोपकर्ताहरुलाई कृषि चालु शिर्षकको गो भौ नं ६४।२०८०।३।२६ वाट रु.१६४५००।०० पारिश्रमिक भुक्तानी गरेको पाइयो । संलग्न कागजातमा खोपकर्ताले पेश गरेको खोप लागाएका पशुपंक्षीको विवरणलाई संवन्धित वडाको वडाध्यक्षले प्रमाणित समेत गरेको पाइयो । खोपकर्मीले लगाएको खोप कार्डको उपलब्धताको आधारमा खोप लगाएका पशुपंक्षीको संख्या र पारिश्रमिक भुक्तानी भएका पशुपंक्षीको संख्या तुलना गर्दा खोप कार्डमा उल्लेखित संख्याभन्दा भ्याक्सिन लगाएको भनी पारिश्रमिक वुझेको पशुपंक्षिको संख्या वढी देखियो । यसरी वढी संख्यामा पेश गर्ने खोपकर्ता र सोलाई प्रमाणित गर्ने जनप्रतिनिधिलाई जिम्मेवार वनाई खोप लगाएको पशुपंक्षिको वास्तविक संख्या पालिकाले यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,५०० |

६६ **विविध खर्च खातामा ट्रान्सफर -** अनुदानको रकम विविध खर्च खातामा ट्रान्सफरः कार्यक्रम कार्यान्वय पुस्तिका, ०७९।८० मा जुन क्रियाकलापमा विनियोजन भएको छ सोही क्रिकलाप मार्फत विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था उल्लेख छ। तर पालिकाले नमुना विद्यालयमा छनौट भएको शान्ति निकेतन मा.वि.लाई विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान बापत रु.५० लाख र नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानबापत रु.१ करोड समेत रु.१ करोड ५० लाख विनियोजन भएको अनुदानमध्ये शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानमा रु.३११८०००.० र नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानमा रु.५६५६०००.० समेत रु.८७७४०००.० भुक्तानी तथा निकासा गरेको देखियो। उक्त क्रियाकलापमा विनियोजन भएको अनुदान रकममध्ये बाँकी रु.६२२६०००.० र थप रु.१९७४०००.० समेत रु.८२०००००.० संघीय सरकारबाट प्राप्त अनुदान पालिकाले विविध खर्च खातामा ट्रान्सफर गरेकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता/दाखिला हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,००,००० |

६७ **विद्यालयगत निकासा खाता -** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **दिवाखाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलापनं.२.७.११.१ मा उल्लेख भए अनुसार दिवाखाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने, स्थानीयतहले दिवाखाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि बिद्यालयका प्रधानाध्यापक र बिद्यालय ब्यवस्थापन खर्च समितिका अध्यक्षबाट प्रमाणित गराई IEMIS को तथ्याङ्क सत्यापन गराई विद्यार्थी संख्या एकिन गरी निकासादिने र उक्त निकासा रकमको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गर्ने व्यवस्था उल्लेखछ। पालिकाले३० वटा विद्यालयलाई अधिकतम २२४ दिनसम्मको लागि रु.३७७७०३७.० निकासा गरेको छ। उक्त निकासा भएको रकमबाट सबै विद्यालयमा दिवा खाजा संचालन भए नभएको तथा उक्त रकमको सहि सदुपयोग विद्यालयले गरे नगरेको सो को अनुगमन प्रतिवेदन पेश भएको देखिएन। अतः प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ। उक्त दिवा खाजा सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देखिएका थप व्यहोरा निम्न छनः

दिवा खाजा बढी दिन संचालनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.7.११.१ मा प्रारम्भिक बाल विकास देखि ६ सम्मको विद्यार्थी संख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि मात्र बजेट व्यवस्था भएकोले सोहीलाई आधार मानि निकासा गर्ने व्यवस्था उल्लेख छ। तर पालिकाका देहायका विद्यालयहरुलाई १८० दिन भन्दा बढी दिनको बढी दिनको निम्नानुसार रु.४२०६९.० बढी निकासा भएकोले उक्त बढी निकासा भएको रकम सम्बन्धीत विद्यालयबाट असुल।फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| क्र.स. | विद्यालयको नाम | निकासा अनुदान रकम | निकासा हुनपर्ने रकम | बढी रकम |
|---|---|---|---|---|
| १. | श्री जनता आ.वि. | ३६५२५.० | ३५१००.० | १४२५.० |
| २. | श्री नव सिर्जना आ.वि. | ३९१६१.० | ३७८००.० | १३६१.० |
| ३ | श्री सरस्वती आ.वि. | 1२४१६१.० | ११३४००.० | १०७६१.० |
| ४. | श्री नारायण आ.वि. | 10२५३८.० | ८1000.० | २१५३८.० |

| | | | | |
|---|---|---|---|---|
| ५. | श्री वहुवन मा.वि. | २४१८८४.० | २३४९००.० | ६९८४.० |
| | | | **जम्मा** | **४२०६९.०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,०६९ |

६९ **बढी निकासा -**

**..........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु. १८२३।-सम्परीक्षण गरिएको ।**

७० **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले नित्य श्री सप्लायर्स विराटनगरबाट (भौ.न.३१०-०८०।१।१२ मा) ८१९८ थान स्यानिटरी प्याड रु.६४६८९४.० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयहरुका प्रधानाध्यापकहरुलाई बुझाएको भरपाई पेश भएको तर उक्त भरपाई मिति उल्लेख नभएकोले समयमै वितरण भएको हो भन्न सक्ने अवस्था देखिएन। वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८०मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका ३० विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.१०४०७९५.० बैशाख महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी असार महिनामा थप रु.३५२८७४.० निकासा सहित जम्मा रु.१३९३६६९.० अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.१३९३६६९.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा

स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छनः

बढी निकासाः पालिकाले देहायका विद्यालयलाई निःशुल्क पाठ्यपुस्तक को अनुदान रकम सम्बन्धित विद्यालयले पेश गरेको विल भरपाई भन्दा बढी रु.७३२४८.० निकासा भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरि संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु...

| **क्र.स.** | **विद्यालयको नाम** | **निकासा भएको रकम** | **विलभरपाईको रकम** | **बढी निकासा रकम** |
|---|---|---|---|---|
| १ | श्री सरस्वती मा वि रोङ -४ | १२२२६६ | ११६४७१ | ५७९६ |
| २ | श्री शशी मा वि | १०९७२८ | १०२८४६ | ६८८२ |
| ३ | श्री सरस्वती आ वि | २१६०५ | १८७७० | २८३५ |
| ४ | श्री इरौंटार आ वि | १९९१६ | १९३३६ | ५८० |
| ५ | श्री उमामहेश्वर मा वि | ८००५७ | ७७१८५ | २८७२ |
| ६ | श्री बहुवन मा वि | ६९९५८ | ६७०७० | २८८८ |
| ७ | श्री कुवापानी मा वि | ८४६३७ | ७९८०४ | ४८३२ |
| ८ | श्री मोतिराम मा वि | ७४२१७ | ७००९३ | ४१२३ |
| ९ | श्री सरस्वती मा वि रोङ ६ | ९७५५३ | ९२८११ | ४७४२ |
| | | | **जम्मा** | **३५५५०** |

**प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१।१।१३ को निर्णयबाट रु. ३७६९८।- सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,५५० |

७२ **अनुगमन प्रतिवेदन -** कार्यक्रम कार्यान्वय पुस्तिका, ०७९।८० को उप क्रियाकलाप न.९.१२ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान अन्तर्गत सम्बन्धित विद्यालयलाई तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाई पालिकाले विद्यालयसँग सम्झौता गराई तोकिएको एकमुष्ठ अनुदान निकासा दिने र उक्त सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले नमुना

विद्यालयमा छनौट भएको शान्ति निकेतन मा.वि.लाई कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुरुप एकमुष्ठ रु.५० लाख अनुदान निकासा दिनुपर्नेमा भौ.न.४४६-०८०।३।२४ बाट रु.१६१८०००.० मात्र अनुदान निकासा गरेकोमा उक्त अनुदानबापत खर्च भएको रकमको सम्झौता बमोजिम कार्य भए नभएको र सहि सदुपयोग गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा कार्य प्रगति पेश भएको नदेखिएकोले अनुगमन प्रतिवेदन र कार्य प्रगति पेश हुनुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,१८,००० |

७३ **छात्रावृत्ति अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ३० वटा विद्यालयमा रु.३८८१००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिँदैन। अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को उपक्रियाकलाप न.९.६ मा विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय रु.६ लाख ५० हजारको दरले विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले विद्यालयलाई उक्त अनुदान बापतको रकम एकमुष्ठ उपलब्ध नगराई विज्ञान प्रयोगशालाको लागि आवश्यक पर्ने सामाग्री सिधै खरिदबापत भौ.न.४३४-०८०।३।२३ बाट भैरव ईन्टरनेशनलललाई रु.६४७०००.० भुक्तानी दिएको देखियो। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको व्यवस्था अनुसार विद्यालयलाई निकासा हुनुपर्ने रकमबाट पालिकाले नै खरिद गरेको नियमसम्मत नदेखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ६,४७,००० |

७५ **दोहोरो भुक्तानी -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. ६४७०००।-सम्परीक्षण गरिएको ।**

७६ **निर्देशिका भन्दा बढी भुक्तानी -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. २०२३०।-सम्परीक्षण गरिएको ।**

७७ **शिक्षक दरबन्दी र पदपूर्ती -** शिक्षक दरबन्दी र पदपूर्तीः स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत

विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार (अनुसूचीमा उल्लेख) रहेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ७७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७८ **शिक्षकको अभिलेख -** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

७९ **नमुना विद्यालय सुधार गुरुयोजना -** कार्यक्रम कार्यन्वय पुस्तिका, ०७९।८० को उप क्रियाकलाप न.८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानबापत विनियोजन भएको रकम सम्बन्धित विद्यालयलाई यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमानसहित अनुदान माग गर्न लगाई विद्यालयसँग सम्झौता गरी पहिलो किस्ताको रूपमा कुल रकमको ५० प्रतिशत रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत र कार्यसम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ। तर पालिकाले पुस्तिका उल्लेख भएको व्यवस्था अनुसार नमुना विद्यालयमा छनौट भएको शान्ति निकेतन मा.वि.लाई अनुदान माग गर्न लगाई सम्झौता गरी तोकिएको किस्तामा अनुदान दिनुपर्नेमा पालिकाले नै भौतिक पूर्वाधार निर्माणको कार्य बोलपत्र मार्फत निर्माण व्यवसायी सयाह्याङ एण्ड निसाम सेवा प्रा.लि. सँग रु.६७४२२३४.० मा सम्झौता गरी विद्यालयको भवन निर्माण प्रकृया शुरु गरेको देखियो। यस आ.व.०७९।८० मा उक्त कार्यक्रमको लागि विनियोजन भएको अनुदानबाट रु.५६५६०००.० खर्च भएको र सो खर्चको अनुगमन प्रतिवेदन तथा कार्य प्रगति पेश समेत भएको नदेखिएको तथा कार्यक्रम कार्यान्वय पुस्तिकामा भएको व्यवस्था विपरीत भएको रु.५६५६०००.० भुक्तानी तथा निकासा नियमसम्मत नदेखिएको रु...

| अनियमित भएको | ५६,५६,००० |
|---|---|

८० **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणमा रु.१२१६३७१५१।०० खर्च गरेकोमा यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

८०.१ एम.आई.एस.प्रणालीःसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८०.२ लाभग्राहीको विवरण प्रविष्टि गर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नवीकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नवीकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। निर्देशिका वमोजिम लगत अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.३ पारदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

८०.४ सार्वजनिक सुनुवाई:स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी वन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.५ निरीक्षण तथा अनुगमन:सामाजिक सुरक्षा कार्यविधि अनुसार खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरे नगरेको, स्थानीय तहबाट डमी एकाउन्ट खोलिएको लाभग्राहीबाट केवाईसी अपडेट समेत नभएको खातमा जम्मा भएको रकम तथा जि एल एकाउण्ट बैक/ parking account ) बाट फिर्ता लिई संघीय संचितको दाखिला गरे नगरेको

सैद्धान्तिक बेरुजु

८१ **शोधभर्ना -**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८१-१-१३ को निर्णयबाट रु. २३९६१०।- सम्परीक्षण गरिएको ।**

८२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न स्थानमा योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत १०० दिनले ८००६ दिन रोजगारी उपलव्ध गराई रु.४६१९७१५.० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८३ **गैर सरकारी संस्था मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी

अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (1) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो। आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन।

सैद्धान्तिक बेरुजु

८४ **खर्चको पुष्ट्याई -**

**...........प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०५ को निर्णयबाट रु.३५०००।-सम्परीक्षण गरिएको ।**

८५ **घटी मूल्य अभिवृद्धिकर असुली -** घटी मूल्य अभिवृद्धिकर असुलीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२), (क), (ख), (ग) मा खरिद कार्यको वास्तविक लागत बमोजिम प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही नियमावलीको नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष ०७८।७९ मा पालिकामा उपभोक्ता समितिबाट भएका निर्माण कार्य मध्ये नमुना छनौट गरि स्रेस्ता परिक्षण गर्दा निम्नानुसारको योजनाहरुको भुक्तानीमा उपभोक्ता समिति तथा लाभग्राही समुदायले पेश गरेको विल भरपाइमा सिमेन्टको मूल्य मूल्य अभिवृद्धि कर बाहेक रु.६२०.० र रड(डण्डी)को रु.९० देखि रु.९५.० रहेको तर कार्यायलले मूल्यांकन गर्दा मूअकर बाहेक क्रमशः रु.८७५.० र रु.९८.० का दरले दररेट निर्धारण गरेको छ। यसरी बिजक भन्दा बढी दरले दररेट निर्धारण गर्दा देहाय अनुसारको काममा उपभोक्ता समितिले पेश गरेको भन्दा रु.५०८२०.० बढी मुल्य अभिवृद्धि कर रकम भुक्तानी भएकोले बढी मु.अ.कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु..........

| **योजना तथा उ.स.को नाम** | **निर्माण सामाग्री** | **भुक्तानी भएको मू.अ.कर रकम** | **उ.स.ले पेश गरेको मू.अ.कर रकम** | **बढी मू.अ.कर रकम** |
|---|---|---|---|---|
| **शान्तिपुर मा वि** | सिमेन्ट | ८११०४ | ५७४६८ | २३६३६ |
| | रड | १२५३४१ | १२४०७५ | १२६६ |
| **मालबासे आ वि** | सिमेन्ट | ६४८३८ | ४५९४२ | १८८९६ |
| | रड | ६९६०१ | ६८८९८ | ७०३ |
| **तितुङगे कजवे रोड ४** | सिमेन्ट | २०९३० | १४८३० | ६१०० |
| | रड | २१८०२ | २१५८२ | २२० |
| | | | जम्मा | ५०८२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८२१ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : रोङ गाउँपालिका, इलाम , रोङ गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपेन्द्र दाहाल | २०७८-८-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | इन्द्र प्रसाद पोखेल | २०७७-१२-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०६४,२३३ | २२,५३९,२४५ | २७,९११,२११ | ० | ० | ४,७४७,४५० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५७,२६२,१३९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,१७६,४२१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५४,०८५,७१८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | ६८९३८१६५.५५ | |
|---|---|---|
| **आम्दानी** | **खर्च** | |

| | | | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ३३४४१६००० | चालु खर्च | २७७७२१०८०.१४ |
| प्रदेश सरकारबाट अनुदान | ३१८९९१२५ | पूँजीगत खर्च | १५७७५६९२७ |
| राजश्व बाँडफाँट | ७२५३८५६२.९१ | वित्तीय/अन्य व्यवस्था | १५८१२५७५०.८२ |
| आन्तरिक आय | १८५२२१६०.५७ | | |
| अन्य आय | १३५४३९२३० | | |
| कुल आय | ५९२८१५०७८.४८ | कुल खर्च | ५९३६०३७५७.९६ |
| बाँकी मौज्दात | | ६८१४९४८६.०७ | |

बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| सि.नं. | पसलको नाम | प्रोपाइटरको नाम थर | बार्षिक तिर्नुपर्ने जम्मा रकम | आ.व. २०७९/०८० मा तिरेको रकम | आ.व. २०७९। ०८० मा तिर्नबाकी | आ.व. २०७८/०७९ सम्मको जम्मा बाँकी | तिर्न बाँकि रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिलमाया होटल | टंकनाथ अधिकारी | ३६००० | ३३००० | ३००० | ० | ३००० | |
| २ | आयुषा होटल | प्रदिप राई | ३६००० | ३५२३० | ७७० | ७८००० | ७८७७० | |
| ३ | गुप्ता चिया नास्ता पसल | हरेन्द्र मोदी | ३६००० | ३१९०० | ४१०० | ० | ४१०० | |
| ४ | दिपेश होटल | मङ्गली तामाङ | ३६००० | १२३५० | २३६५० | ९०००० | ११३६५० | |
| ५ | सगौरब होटल | टिकाराम राई | ३६००० | ४३५०० | -७५०० | १०८००० | १००५०० | २०७५ कार्तिक देखि २०७६ असार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सम्मको १८००० सहित |
| ६ | सिमाना होटल | राजेश गुप्ता | ३६००० | २५१०० | १०९०० | ९००० | १९९०० | |
| ७ | पदमा होटल | नर बहादुर बिश्वकर्मा | ३६००० | २१५०० | १४५०० | ० | १४५०० | |
| ८ | अर्याल होटल | इन्दिरा देवि अर्याल | ३६००० | २७००० | ९००० | ९००० | १८००० | |
| ९ | संगित होटल | लिला खतिवडा | ३६००० | ३३००० | ३००० | ० | ३००० | |
| १० | दर्ता नभएको | विनिता गुरुङ | ३६००० | १४००० | २२००० | ० | २२००० | |
| ११ | दर्ता नभएको | विनिता गुरुङ | ३६००० | ० | ३६००० | ० | ३६००० | |
| **जम्मा** | | | | ३८६९८० | ११९४२० | २९४००० | ४१३४२० | |

**बेरूजु दफा ७७ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| क सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | स्थायी | करार | जम्मा शिक्षक विवरण | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | शान्ति निकेतन मा.वि. कोल्बुङ्ग | २३ | ११ | १२ | २३ | ३७९ | १६ |
| २ | सरस्वती मा.वि. भाल÷झोडा, कोल्बुङ्ग | १२ | ४ | ८ | १२ | १७६ | १५ |
| ३ | शंकर आ.वि. मार्से कोल्बुङ्ग | ७ | ६ | १ | ७ | ९१ | १३ |
| ४ | शारदा आ.वि. कोल्बुङ्ग | २ | २ | | २ | २७ | १४ |
| ५ | जनता आ.वि. कोल्बुङ्ग | २ | १ | १ | २ | २२ | ११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | गणेश आ.वि. कोल्बुङ्ग | २ | | २ | २ | ४० | २० |
| ७ | नवसिर्जना आ.वि. कोल्बुङ्ग | ३ | १ | २ | ३ | २१ | ७ |
| ८ | बालकल्याण आ.वि. कोल्बुङ्ग | २ | १ | १ | २ | १५ | ८ |
| ९ | अरुणोदय आ.वि. शान्तिपुर | २ | | २ | २ | १८ | ९ |
| १० | ज्ञानोदय आ.वि. शान्तिपुर | २ | १ | १ | २ | ३६ | १८ |
| ११ | शान्तीपुर मा.वि. शान्तिपुर | १४ | ६ | ८ | १४ | २०५ | १५ |
| १२ | किसान जनहित आ.वि. शिरिषे, शान्तिपुर | ३ | १ | २ | ३ | ३७ | १२ |
| १३ | ज्योती आ.वि शान्तिपुर | ७ | ५ | २ | ७ | ६२ | ९ |
| १४ | देवीगञ्ज आ.वि. जुरे शान्तिपुर | ८ | २ | ६ | ८ | १२० | १५ |
| १५ | विष्णुअमरआ.वि. बरफल्याङ, शान्तिपुर | ७ | ४ | ३ | ७ | १२५ | १८ |
| १६ | शशी मा.वि. बदमटार, शान्तिपुर | ११ | ३ | ८ | ११ | २०६ | १९ |
| १७ | सरस्वती आ.वि. शान्तीपुर | २ | | २ | २ | ५३ | २७ |
| १८ | इरौंटार आ.वि. इरौंटार | ३ | २ | १ | ३ | ४१ | १४ |
| १९ | उमामहेश्वर मा.वि. इरौंटार | १० | ७ | ३ | १० | १०० | १० |
| २० | नारायण आ.वि. इरौंटार | ३ | २ | १ | ३ | ३९ | १३ |
| २१ | चन्द्रकला आ.वि. इरौंटार | २ | २ | | २ | २८ | १४ |
| २२ | चिसापानी आ.वि. इरौंटार | २ | १ | १ | २ | २५ | १३ |
| २३ | बहुवन मा.वि. इरौंटार | ११ | ८ | ३ | ११ | १५७ | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | मालबाँसे आ.वि इरौंटार | ३ | २ | १ | ३ | ४२ | १४ |
| २५ | कुवापानी मा.वि. जिर्मले | १० | ३ | ७ | १० | १४९ | १५ |
| २६ | जिर्मले आ.वि. जिर्मले | २ | १ | १ | २ | २४ | १२ |
| २७ | पाटापुर आ.वि. जिर्मले | २ | १ | १ | २ | २० | १० |
| २८ | मोतीराम मा.वि जिर्मले | १२ | ४ | ८ | १२ | १३० | ११ |
| २९ | लामिटार आ.वि. जिर्मले | २ | १ | १ | २ | ३६ | १८ |
| ३० | सरस्वती मा.वि. रम्भायाङ्ग, जिर्मले | ११ | ५ | ६ | ११ | १६० | १५ |
| | **जम्मा** | **१८२** | **८७** | **९५** | **१८२** | **२५८४** | **१४** |